SAMPLE QUESTION PAPER
SECOND SEMESTER (OCTOBER – MARCH 2011)
CLASS – IX
SUBJECT: NEPALI (CODE-024)

The question paper is divided into four sections:

| | |
|---|---|
| Section – A : Reading Comprehension – | 10 marks |
| Section – B : Writing | 10 marks |
| Section- C : Applied Grammar- | 12 marks |
| Section – D :Literature | 48 marks |

TIME : 3 HRS. MAXIMUM MARKS: 80

**SECTION - A**

**1**. निम्न परिच्छेद पढ़ेर सोधिएका प्रश्नहरूका उत्तर लेख :

जीवनका आवश्यकताहरू प्राप्त गर्नका निम्ति हामीले दृढ इच्छा गरेर परिश्रम गर्नुपर्छ। यसो गर्नाले मात्र हामी आफ्नो व्यक्तिगत उन्नति गरेर जाति र देशको सेवा अनि उन्नति गर्न सक्नेछौं। आज विश्वमा जति पनि उन्नति भइराखेको छ, त्यो सबै इच्छा सहित अटूट परिश्रम गर्ने व्यक्तिहरूको परिश्रमको परिणाम हो। रेल,जहाज,डाक,तार,सिनेमा,रेडियो,टेलिभिजन इत्यादि सबै मानिसहरूकै इच्छा र परिश्रमका फलद्वारा नै आविष्कार हुन सकेका हुन्।

(क) जीवनका आवश्यकताहरू प्राप्त गर्न हामीले के गर्नुपर्छ ?

(ख) उन्नति गर्नका निम्ति मानिसमा के के हुन आवश्यक छ ?

(ग) आज विश्वमा भइराखेको उन्नति के-को परिणाम हो ?

(घ) मानिसहरूका इच्छा र परिश्रमका फलद्वारा के-के आविष्कार भएका छन् ?

(ङ) वाक्य बनाऊ : अटूट, व्यक्तिगत। ( **1+2+3+2+2= 10**)

**SECTION - B**

**2**. कुनै एक विषयमा दुइ सय शब्द सम्मको अति रोचक निबन्ध लेख। (**10**)

(क) दशैं

(ख) मेरो जीवनको लक्ष्य।

**SECTION -C**

**3**. **(क)** तलका शब्दहरू कुन-कुन सन्धिमा पर्छन् एकापटि दिइएका शब्दहरू र अर्कापटि सन्धिका नाम लेख। (**2**)

देवर्षि, निष्फल, सज्जन, परमार्थ।

**(ख)** तलका वाक्यहरू ठीक भए (√ ) र गलत भए ( X )-को चिन्ह लगाऊ : (**2**)

i. शब्दहरूको संयोगलाई समास भनिन्छ।

ii. सन्धि तोड्नुलाई 'विग्रह' भनिन्छ।

iii. समासमा विभक्ति लोप हुँदैन।

iv. सन्धि तत्सम शब्दहरूमा मात्रै हुन्छ।

**(ग)** तलका शब्दका तद्धितान्त रुप लेख। (**4**)

सफा, लाम्मो, कवि, मूर्ख।

(घ) तलका सामासिक शब्दलाई सही समाससँग जोड़ी मिलाएर लेख। (4)

| सामासिक शब्द | समास |
|---|---|
| बाघचाल | बहुब्रीहि समास |
| गहुँगोरो | तत्पुरुष समास |
| माता-पिता | कर्मधारय समास |
| दशानन | द्वन्द्व समास |

## SECTION - D

4. (क) " लेख्तै नलेखे पनि नेपालीमा पास भइन्छ भन्ने सम्झेका छौ कि कसो ? तर अबका परीक्षकले त्यसै पास गराइदेलान् जस्तो लाग्दैन। मनपरी लेख्ने पनि त्यसै पास भए भने त परीक्षाको के महत्व रहला र ? यदि नेपालीमा फेल भयौ भने कत्रो बदनाम होला ?"

i. यी पंक्ति कुन पाठबाट निकालिएको हो अनि यसका लेखक को हुन् ?

ii. यी कुरा कसले कसलाई भनेको हो ?

iii. वक्ताले यी कुरा कुन प्रसंगमा भनेका हुन् ? वक्ताको उक्त भनाइ तिमीलाई कस्तो लाग्यो यसमाथि आफ्नो विचार खुलस्तसँग राख। (1+1+4= 6)

(ख) भूकम्पले भूमण्डलमा कस्तो प्रकारको प्रभाव पार्दछ ? **अथवा**
ज्वालामुखी भनेको के हो अनि यसले भूमण्डललाई कसरी असर पार्छ ? (4)

(ग) सिपाहीको चरित्र चित्रण गर। (4)

(घ) पठित नाटकको आधारमा नाटककारले नाटकको शीर्षक 'टीका पनि व्यापार पनि' भनेर किन राखेका हुन् संक्षेपमा लेख। (3)

(ङ) तलका वाक्यहरू सही भए (√) र गलत भए (X)-को चिन्ह लगाऊ। (3)

i. भूकम्पले गर्दा जमीनका सतह र बनावटमा परिवर्तन आउँछ।

ii. सन् १६०८-मा भारतमा आएको भूकम्पले गर्दा कति करोड़को सम्पति र ५० हजार मानिसहरुको जीउ-ज्यान नष्ट भयो।

iii. धरतीभित्र पाइने लावालाई मोम्मा भन्दछन्।

iv. आफ्नो माइतमा टीका लगाएर दक्षिणा पाएपछि मैती धेरै खुशी भएकी थिई।

v. सिपाही अति नै फर्साइलो स्वभावको मानिस थियो।

vi. 'टीका पनि व्यापार पनि' नाटकका नाटककार रामलाल अधिकारी हुन्।

5. (क) सप्रसंग व्याख्या गर : (7)

'पसलमा शो-केशभित्र सजाइराखेको
काँचका चुराजस्तो यो जिन्दगी
कुनै युवतीको हातमा चढ्दा-चढ्दै-
प्याट्ट फुट्न सक्छ यो जिन्दगी !'

(ख) 'कर्म' शीर्षक कविताको सारांश लेख। (7)

(ग) 'बसेको होला त्यो मेरो भाले टोल्हाई हाँगामा,
हेरेको होला त्यो तेरो बोटो फूलको थुँगामा।'

i. यी पंक्ति कुन कविताबाट निकालिएका हुन् अनि यसका कवि को हुन् ?

ii. कविले यी कुरा कसलाई भनेका हुन् ? (1 + 1 = 2)

**6**. निम्न प्रश्नहरूका उत्तर लेख : **4x3 =12**

(क) "तिमी सुखी कि म सुखी ? तिमी ठूली कि म ?" भन्ने हाकिमको प्रश्नमा गौरीमायाले के जवाब दिई ? उसले आफ्नो जवाबलाई कसरी पुष्टि गरी ?

(ख) मलिका कसकी छोरी थिई ? ऊ कसरी बूढ़ा मुल्लाको घरमा पालिइन पुगी ?

(ग) 'नुरआलम'-ले लैलाको जीवन कसरी वर्वाद गऱ्यो ? संक्षेपमा लेख।

*******************

**Note : Since this sample question paper is set as per the old syllabus both 'Translation' and 'Vyakti Parichaya' are not included here. Both of these will be included from the next session only. The marks assigned thereof are adjusted at Section 'D', (Literature Section)wherein Prose consists of 20 marks instead of 16 and Poetry 16 marks instead of 12.Therefore, all Paper Setters are requested to keep this point in mind while setting the paper,please.**